# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
२०७३
कोशी प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२ मिति:-२०८१/१०/२५

च.नं.

**कफि खेति प्रवर्द्धन कार्यक्रम संञ्चालन सम्वन्धि सूचना।**

प्रथम पटक प्रकाशित मिति:- २०८१/१०/२५

आवेदन पेश गर्ने अन्तिम मिति:२०८१/११/ २५

यस पाख्रीवास नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, बिराटनगरको स्वीकृत सशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धि मार्गदर्शन बमोजिम कफि खेति प्रवर्द्धन कार्यक्रम संचालनको लागि विनियोजित रु. १५ लाख बजेट प्राप्त भए अनुसार प्रति किसान न्यूनतम २ रोपनी र प्रति क्लस्टर ३ हेक्टर क्षेत्रफल उल्लेख भए अनुसार दुई वटा क्लस्टर स्थापना गरि कार्यक्रम संचालन गर्न मिति २०८१/१०/१४ गतेको नगर कार्यापालिकाको बैठकको निर्णय अनुसार पाख्रीवास नगरपालिका भित्रका ईच्छुक कृषक समूह / कृषि सहकारी संस्था / कृषि फर्म / जल उपभोक्ता समितिबाट यो सूचना प्रकाशित भएको मितिले तिस (३०) औं दिन कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराईन्छ।

थप जानकारीको लागि पाख्रीबास नगरपालिका कृषि विकास शाखाको सम्पर्क नं. ९८६२८४१०१६, ९८००९०७३४८, ९८४२४४०९०८, ९८५२०५०५३८ कृषि शाखा प्रमुख ईन्द्र माया तामाङ संग जानकारी लिन सक्नुहुनेछ।

**सञ्चालन गरिने कार्यक्रमहरु**

तषशिल:

| क्र.स. | विवरण | ईकाइ | परिमाण | दर | जम्मा | कार्यालय ले ब्यहोर्ने ७५ प्रतिशत | कृषकले ब्यहोर्ने २५ प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कफी खेती प्रवद्धन कार्यक्रम | संख्या | २ | १००००००। | २००००००। | १५०००००। | ५०००००। | |
| जम्मा | | | | | २०००००० | | ५०००००। | |

शाखा प्रमुख

पाख्रीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
कोशी प्रदेश, नेपाल

संख्याः-२०८१/०८२
च.नं.

मितिः-२०८१/१०/२५

प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समितिको हकमा निर्णयको प्रतिलिपि र निवेदन।
२. कृषक समूह/ कृषि सहकारी संस्था लि./ कृषि फर्म /जल उपभोक्ता समितिहरुको हकमा दर्ता/नविकरण प्रमाण -पत्रको प्रतिलिपि।
३. कृषक समूह/ कृषि सहकारी संस्था लि./ कृषि फर्म/ जल उपभोक्ता समितिहरुको PAN / VAT प्रमाण -पत्रको प्रतिलिपि
४. कृषक समूह/ कृषि सहकारी संस्था लि. को आ.व. २०८०/२०८१ को लेखा परिक्षणको प्रतिलिपि।
५. कृषक समूह/ कृषि सहकारी संस्था लि./ जल उपभोक्ता समिति/ कृषि फर्मको हकमा आ.व.२०८०/२०८१ को कर चुक्ता प्रमाण - पत्रको प्रतिलिपि।
६. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समिति/ कृषि फर्मको हकमा आफ्नो बैंक खाताको विवरण/चेक बुकको स्पष्ट बुझिने प्रतिलिपि।
७. नेपाली नागरिकताको प्रमाण -पत्रको प्रतिलिपि।
८. जग्गा धनीपुर्जा प्रमाण -पत्रको प्रतिलिपि /जग्गा करारमा लिएको भए सम्बन्धित कफी खेतीको लागि न्युनतम १५ बर्ष अवधिको वडा कार्यालयको रोहवरमा गरिएको करार सम्झौता पत्रको प्रतिलिपि।
९. वडा कार्यालयको सिफारिस पत्र ( सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहबाट लिए नलिएको खुलाउनु पर्नेछ)
१०. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ।

नोट, कफी कार्यक्रमको प्रस्तावना पाख्रीबास नगरपालिका कृषि विकास शाखा र सबै वडा कार्यालयहरुबाट उपलब्ध गराईनेछ।

ईन्द्र मयिा तामाङ
अधिकृतस्तर छैठौं
शाखा प्रमुख

शाखा प्रमुख